नागरिक लगानी कोषको अर्ध वार्षिक प्रकाशन

द.नं.जि.का. ४८/२०६६/०६७

# लगानी कोष समाचार

नेपालको समृद्धिको सहयात्री

CIT Newsletter

वर्ष : १२ अङ्क : २१ २०७७ चैत

## नगरपालिकाको सहलगानीमा फलेवासका ७ सय मजदुरको रकम नागरिक लगानी कोषमा

**ना.ल.कोष।** पर्वतको फलेवास नगरपालिकाका असंगठित क्षेत्रका बिपन्न मजदुरको रकम अब नागरिक लगानी कोषमा जम्मा हुने भएको छ। यसका लागि मजदुरले ५ सय रुपैयाँ मासिक योगदान गर्नुपर्नेछ भने ५ सय रुपैयाँ फलेवास नगरपालिकाले हालिदिने भएको छ। यसरी हरेक मजदुरको नाममा मासिक १ हजार रुपैयाको दरले नागरिक पेन्सन योजनामा जम्मा गर्ने गरी नागरिक लगानी कोष र फलेवास नगरपालिका वीच सम्झौता सम्पन्न भएको छ।



सम्झौतामा कोषका तर्फबाट कार्यकारी निर्देशक श्री रमण नेपाल र नगरपालिकाका तर्फबाट नगर प्रमुख श्री पदमपाणी शर्माले हस्ताक्षर गर्नु भएको थियो।

» पृष्ठ २ मा क्रमश:

## नागरिक लगानी कोषको ३१औं वार्षिकोत्सव हुँदै

**ना.ल.कोष।** नागरिक लगानी कोष स्थापनाको ३०औं वर्ष पूरा भई ३१औं वर्षमा प्रवेश गरेको छ। सहभागीहरूको हित तथा सन्तुष्टीलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेको यस संस्थाले देशको सामाजिक सुरक्षाको क्षेत्रमा ठूलो टेवा पुऱ्याउनुका साथै पुँजीबजारको क्षेत्रमा पनि ठूलो भूमिका निर्वाह गर्दै आएको छ।

कोषको ३१औं वार्षिकउत्सव समारोह भव्यताका साथ मनाउन कोषका कार्यकारी निर्देशक श्री रमण नेपालको अध्यक्षतामा एक मुल समारोह समिति गठन गरिएको छ। समितिले वार्षिकोत्सवलाई भव्यताका साथ सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उपसमितिहरू समेत गठन गरेको छ।

## सहभागी आवास कर्जाको कार्यविधि संशोधन, सेवाग्राहीको कर्जा सुविधामा वृद्दि

**ना.ल.कोष।** कोषले विभिन्न शीर्षकका सहभागी कर्जाहरूको कार्यविधि संशोधन गरी सबै कर्जाहरूलाई एकिकृत रुपमा समेट्ने गरी नागरिक लगानी कोष, कर्जा कार्यविधि, २०७७ लागू गरी सहभागीहरूको कर्जा सुविधामा समयानुकुल सुधार गरेको छ। यस अनुसार सहभागीहरूलाई प्रदान गरिदै आएको रु.४० लाख बराबरको आवास कर्जाको सीमालाई वृद्दि गरी नयाँ व्यवस्था अनुसार रु. ८० लाख पुऱ्याइएको छ भने रु.२० लाखको सरल कर्जाको सीमालाई वृद्दि गरी रु.३० लाख पुऱ्याइएको छ। यसै गरी शैक्षिक कर्जा र सवारी कर्जाको सीमा क्रमश: रु.४० लाख र रु.३० लाख पुऱ्याइएको छ। यस अनुसार अब आवास कर्जाका सहभागीहरूको धितो मूल्यांकनबाट कायम भएको रकममा नबढ्ने गरि सहभागी कार्यरत तह वा श्रेणीको तलबमानको आधारमा सहभागीहरूको १५ वर्षको तलव बरावर वा रु. ८० लाख मध्ये जुन कम छ त्यही बराबर रकम सहभागीहरूले आवास कर्जा अन्तर्गत प्राप्त गर्न सक्ने व्यवस्था रहेको संशोधित कार्यविधिमा उल्लेख गरिएको छ। यस नयाँ व्यवस्थाबाट कोषका सहभागीहरू निकै लाभान्वित हुने कोषले अपेक्षा गरेको छ।

» पृष्ठ २ मा क्रमश:

नववर्ष २०७८
सालको हार्दिक मंगलमय
शुभकामना

नागरिक लगानी कोष परिवार
नयाँ बानेश्वर, काठमाडौं

# नागरिक लगानी कोषको शेयर लिलाम सम्पन्न

**ना.ल.कोष।** नागरिक लगानी कोषले यही फागुन २१ गतेदेखि कोषको हकप्रदमा अवितरित शेयर लिलाम गर्न शुरु गरेको थियो। कोषले हकप्रदमा अवितरित ३ लाख ५४ हजार १ सय ५० दशमलव ०५ कित्ता शेयर लिलामका लागि आव्हान गरेको थियो। यी सबै सर्वसाधारण समुह तर्फका शेयर हुन्।

लगानीकर्ताले यी शेयरमा यही चैत्र २ गतेसम्म आवेदन दिएका थिए। शेयर लिलामको लागि आरविवि मर्चेन्ट बैंकिंग बिक्रि प्रबन्धक रहेको थियो। इच्छुक लगानीकर्ताले आरविवि मर्चेन्टको कार्यालय टेकु, राष्ट्रिय वाणिज्य बैंकका शाखाहरू बिरगंज, जनकपुर, नारायणगढ, बाग्लुंग, रुपन्देही, बुटवल, नेपालगंज, वीरेन्द्रनगर, धनगढी, बिर्तामोड, हेटौडा, तुलसीपुर र महेन्द्रनगर शाखाबाट आवेदन दिएका थिए। त्यस्तै नागरिक लगानी कोषको काठमाडौं, बिराटनगर र कास्की शाखाबाट आवेदन दिन सकिने व्यवस्था गरिएको थियो। कम्पनीले पुष २८ गतेदेखि माघ १९ गतेसम्म १:०.८२८४ का दर (८२.८४) प्रतिशतका दरले १ करोड ३५ लाख ९२ हजार ५ सय ९२ कित्ता शेयर निष्काशन गरेको थियो। जस मध्ये रित पुर्वक आवेदन दिने १२ हजार ६ सय ४० जनालाई १ करोड ३२ लाख ३८ हजार ३ सय ७८ दशमलव ९५ कित्ता शेयर बाँडफाँड भएको थियो भने बाँकी रहेको शेयर लिलाममा आएको थियो। हकप्रद पश्चात् कोषको चुक्ता पुँजी ३ अर्ब पुग्ने छ।

## नागरिक स्टक डिलर लि. को प्रथम वार्षिकोत्सव कार्यक्रम सम्पन्न

**ना.ल.कोष।** नागरिक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर लिमिटेडको प्रथम वार्षिकोत्सव समारोह राजश्व सचिब श्री रामशरण पुडासैनी तथा नेपाल धितोपत्र बोर्डका अध्यक्ष श्री भिष्मराज ढुंगानाको विशिष्ठ आतिथ्यतामा यही माघ २९ गते सम्पन्न भएको छ। पुँजीबजार विकास र स्थीरताका लागि वित्तीय क्षेत्र विकास रणनीतिमा संस्थागत लगानी अभिबृद्धि गर्न स्टक डिलर जस्ता संस्था स्थापना गर्ने लक्ष्य राखिएको छ। यसै अनुसार नागरिक लगानी कोषको अगुवाइमा यो कम्पनी २०७६ माघ २९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। यस कम्पनीमा नागरिक लगानी कोषको ५१ प्रतिशत, नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको १० प्रतिशत, नेपाल दुरसंचार कम्पनी लिमिटेडको ९ प्रतिशत र सर्वसाधारण शेयरधनिहरूको ३० प्रतिशत शेयर स्वामित्व रहने ब्यवस्था गरिएको छ।

## नागरिक स्टक डिलर कम्पनीको साधारणसभा सम्पन्न

नागरिक लगानी कोषको स्टक डिलर कम्पनीले प्रथम साधारणसभा सम्पन्न भएको छ। कम्पनीले पुस २८ गते दिउँसो होटेल एल्लो प्यागोडामा सभा आह्वान गरेको थियो। सभामा अध्यक्षको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन तथा वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने, प्रबन्धपत्र नियमावलीमा आवश्यक संशोधन गर्ने, लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने लगायतका प्रस्ताव पेश भई पारित भएको थियो। नागरिक लगानी कोषको नेतृत्वमा स्थापित नागरिक स्टक डिलर कम्पनीको संचालनका लागि नेपाल सरकार अर्थ मन्त्रालय र नेपाल धितोपत्र बोर्डबाट प्राप्त निर्देशन अनुरुप कम्पनीको प्रबन्धपत्र र नियमावलीमा उल्लेख गरेका उद्देश्य अनुरुपका कार्यहरू संचालन गर्दै आइरहेको छ।

« पृष्ठ १ बाट क्रमशः

## सहभागी ...

यस अघि आवास कर्जा शिर्षक अन्तर्गत सहभागीहरूलाई आवास बनाउन वा खरीद गर्न मात्र कर्जा प्रदान गरिदै आएको र बाटो न्युनतम १३ फिट हुनुपर्ने व्यवस्था रहेकोमा अब जग्गा खरीद गर्न समेत कर्जा प्रदान गरिने र बाटो कम्तीमा १० फिट हुनुपर्ने व्यवस्था गरिएको छ।

## नागरिक पेन्सन योजनाको online रजिष्ट्रेशन सेवा

ना.ल.कोष। यस आर्थिक वर्षबाट कोषले शुरु गरेको कार्यक्रम **नागरिक पेन्सन योजना**मा सहभागी हुन चाहने व्यक्तिहरूले कोषमा उपस्थित नभइकन पनि अनलाइन रजिष्ट्रेशन गर्न मिल्ने व्यवस्था कोषले गरेको छ। यसको लागि योजनामा सहभागी हुन चाहने व्यक्तिले http://nlk.org.np/home मा गएर Eservice मा New E-service log in गरी सकेपछि Register for Nagarik Pention Yojana मा गई वा https://eservicenew.nlk.org.np/portal/Scheme AccountopeningKycMaster/Create मा log in गरी portal मा उल्लेख गरे अनुसारको विवरण भरेपछि online सेवा लिन सक्छन्।

यो योजना सबै नेपालीलाई सहभागी गराउने गरी ल्याइएको हुँदा इन्टरनेट पहुँच भएका सबै इच्छुक व्यक्तिहरूले सजिलै सहभागी हुन सहज बनाउनका लागि यो सुविधा थप गरेको कोषको सम्बन्धित शाखाले जनाएको छ।

यस योजनामा आय आर्जन गर्ने जो सुकै, प्रचलित कानून बमोजिम स्थापना भएका संघ/संस्था एवं प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगामा रहेको सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन्।

« पृष्ठ १ बाट क्रमशः

## नगरपालिकाको ...

उक्त योजनामा सहभागी हुने करीव ७ सय असंगठित क्षेत्रका बिपन्न मजदुरले ६० बर्ष पुगेपश्चात मासिक रुपमा पेन्सन प्राप्त वा सावाँ, ब्याज तथा प्रतिफलसहित एकमुष्ठ रकम समेत लिन सक्ने गरी सहभागिता सुनिश्चित गरिएको छ। यस पेन्सन योजनाको बैकिङ्ग पार्टनरको रुपमा एन.आइ.सि.एसिया बैंक रहेको छ।

यसका लागि एन आइ सि एसियाको कुस्मा शाखाबाट सेवा प्रदान गर्ने ब्यवस्था समेत मिलाइएको छ। कोषले पहिलो चरणमा सहभागी भएका प्रत्येक सहभागीलाई सामाजिक उत्तर दायित्व अर्न्तगत कोषको तर्फबाट १/१ सय रुपैयाँ सहभागीको खातामा थप गरी दिने भएको छ। सो अवसरमा नगरपालिका प्रमुख, उप-प्रमुख लगायत अन्य दलका प्रतिनिधिले नगरपालिकाको कदम, कोषको सहयोग र सहकार्यको प्रसंशा गर्नुभएको थियो।

# बजार प्रवेशको अन्तिम चरणमा नागरिक स्टक डिलर

**ना.ल.कोष।** कोषको सहायक कम्पनीका रुपमा रहेको नागरिक स्टक डिलरले नेपाल धितोपत्र बोर्डबाट लाइसेन्स प्राप्त गरी धितोपत्र बजारमा प्रवेश गर्नका लागि आफैं सेयर खरिद/बिक्री गर्न मिल्ने विन्डोजको परीक्षण सुरु गरेको छ।

नागरिक स्टक डिलरका सीइओ श्री महेश्वरलाल श्रेष्ठले संस्था बजार प्रवेश गर्नका लागि अन्तिम चरणमा रहेको र अहिले स्टक डिलरको ब्याकअफिस पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) बाट परीक्षण र अनुगमन सम्पन्न भएको साथै धितोपत्र बजारमा प्रवेश गर्ने लगभग सबै तयारी पूरा गरी उक्त विन्डोजको परीक्षण भइरहेको जानकारी दिनुभएको छ। नागरिक स्टक डिलरको प्रवेशले नेपाली सेयर बजारमा संस्थागत लगानीकर्ता अभाव पूर्ति गर्ने र बजारको स्थायीत्वका लागि महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

नागरिक स्टक डिलर कम्पनीमा नागरिक लगानी कोषको ५१ प्रतिशत, नेपाल पुनर्बीमा कम्पनीको १० प्रतिशत, नेपाल टेलिकमको ९ प्रतिशत रहेको छ भने बाँकी ३० प्रतिशत सर्वसाधारणका लागि छुट्याइएको छ।

नागरिक स्टक डिलरको हाल चुक्तापुँजी साढे ३ अर्ब रुपैयाँ रहेको छ। डिलरको आईपीओ निष्कासनपछि चुक्तापुँजी ५ अर्बको हुनेछ। यो बाहेक सहभागी संस्थाहरू मिली एउटा बास्केट फन्ड तयारी गर्ने र फन्डको साइज पुँजीको ६ गुणासम्म बनाउन पाउने नीति रहेको छ। सर्वसाधारणका लागि डेढ अर्ब रुपैयाँको आईपीओ भने आगामी २ वर्षभित्रै निष्कासन गर्ने डिलरको लक्ष्य रहेको छ।

## आर्थिक वर्ष २०७७/०७८ को प्रथम ८ महिनाका प्रमुख उपलब्धिहरू

**नीतिगत तथा संरचनागत सुधार**

- कोषको नयाँ बचत कार्यक्रम **नागरिक पेन्सन योजना,** २०७६ संचालनमा आएको।
- क.ब.वृ. अवकाश कोष, उपदान कोष योजना र लगानीकर्ता हिसाब योजनाको फिर्ता भुक्तानी र ८०% सापटी Connect IPS मार्फत गर्ने व्यवस्था गरिएको।
- पुँजीबजारमा थोक बिक्रेताको रुपमा कार्य गर्नका लागि कोषको सहायक कम्पनीको रुपमा स्थापना भएको नागरिक स्टक डिलर कम्पनीले नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त गरी कार्य प्रारम्भ गरेको।
- आवास कर्जा कार्यविधि संशोधन भएको। सहभागी आवास कर्जाको सीमा रु.४० लाखबाट वृद्दि गरी रु.८० लाख पुऱ्याइएको।
- जोखिम व्यवस्थापन नीति तथा कार्यविधि,२०७७ तयार भई स्वीकृतिको लागि संचालक समितिमा पेश भएको।
- आन्तरिक लेखा परिक्षण कार्यविधि,२०७७ संचालक समितिबाट स्वीकृत भई कार्यान्वयनमा आएको।
- क.ब.वृ. अवकाश कोष, उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना, पुँजी बजार, लगानी, आवास/सरल कर्जा, नार्क वीमाकोष, मानब संसाधन, जिन्सी व्यवस्थापन, स्थिर सम्पत्ति, बजेट सम्बन्धि NLK Web Based Software मा आधारित मोड्युलहरू संचालनमा आएको।
- वार्षिक कार्य योजना अनुसार लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा कोषको प्रदेश स्तरीय कार्यालय खोल्न संभाव्यता अध्ययन सम्पन्न भई कार्यालय भवन भाडामा लिनको लागि टेण्डर आब्हान गरिएको।
- कोषको निर्माणाधिन व्यवसायिक भवनको करिब ९५ प्रतिशत संरचनाको निर्माण कार्य सम्पन्न भएको।

## कोष कर्मचारीहरूको लागि पुनर्ताजगी तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सम्पन्न





**ना. ल. कोष।** कोषले आफ्नो कर्मचारीहरूको लागि पुनर्ताजगी तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ। धुलिखेल स्थित होटल हिमालयन होराइजनमा आयोजित दुई दिवसिय कार्यक्रममा कोषका सम्पूर्ण कर्मचारीहरूलाई सहभागी गराउने उद्देश्यले उक्त कार्यक्रम दुई चरणमा सम्पन्न गरिएको थियो। गत पौष २४ र २५ गते सञ्चालन गरिएको दुई दिने कार्यक्रममा कोषका ४२ कर्मचारी सहभागी भएका थिए भने माघ ९ र १० गते सञ्चालन गरिएको कार्यक्रममा ४६ कर्मचारीहरू सहभागी भएका थिए। यसमा मुख्यतः विज्ञ डा. केदार रायमाझीले नेतृत्व विकास, तनाव व्यवस्थापन र सकारात्मक सोचको विषयमा र अर्का विज्ञ डा. क्षितिज बराकोटीले कार्य जीवनमा योगको महत्वको बारेमा प्रशिक्षण दिनुभएको थियो। यसका अतिरिक्त विज्ञ ई. कुमार पुडासैनीले साइवर अपराध तथा साइवर सुरक्षा सम्वन्धि प्रस्तुतिकरण दिनुभएको थियो। कोषका कार्यकारी निर्देशक श्री रमण नेपालले यस्तो पुनर्ताजगी तथा कार्यक्षेत्रसँग सम्बन्धित कार्यक्रमले कर्मचारीहरूले पुनर्ताजगी महसुस गर्ने तथा दक्षता अभिवृद्धि हुने र त्यसबाट कार्य सम्पादनमा समेत सकारात्मक प्रभाव पार्ने हुँदा यस्तो कार्यक्रम महत्वपूर्ण रहेको र यस्ता कार्यक्रम नियमित रुपमा गरिने जानकारी गराउनुभयो।

# 'हामी विद्युतीय प्रणालीमा गइसकेका छौं र प्रविधिलाई उच्च प्राथमिकतामा राखेर कार्य गरिरहेका छौं'

नागरिक लगानी कोषका कार्यकारी निर्देशक **श्री रमण नेपाल**ज्यूसँग कोषको पछिल्लो अवस्था, प्रगति, चुनौति, कोषको नयाँ कार्यक्रमबारे जानकारी तथा भावी योजनाबारे कोष समाचारपत्रको सम्पादक **रीता पाठक**ले गर्नुभएको कुराकानीमा सम्पादित अंश तल प्रस्तुत गरिएको छ ।



**१. नागरिक लगानी कोषको पछिल्लो अवस्था कस्तो छ ?**

देशमा छरिएर रहेको पुँजीलाई बचत परिचालनको माध्यमबाट पुँजीबजारको विकासमा योगदान गर्ने उद्देश्यले २०४७ साल चैत ४ गते नागरिक लगानी कोष स्थापना भई आज ३१ औं वार्षिकोत्सव मनाउने अवस्थामा पुगेको छ। देशको आर्थिक विकासको लागि सर्वसाधारण जनतालाई समेत पुँजीको वचत गर्न प्रोत्साहित गरी लगानीका अवसरहरू बढाउन तथा पुँजीबजारको विकासमा गतिशीलता ल्याउने उद्देश्यले स्थापना भएको कोषले अवकाश कोष संचालन तथा व्यवस्थापन गर्ने, सर्वसाधारण जनतालाई वचत गर्न प्रोत्साहित गरी राष्ट्रिय पुँजीको निर्माण गर्ने र दीर्घकालिन पुँजीको माध्यमबाट लगानीका अवसरहरू बढाई संस्थागत रुपमा पुँजीबजारको विस्तारमा गतिशीलता ल्याउने कार्य गरिरहेको छ। मुलुकको आर्थिक विकासलाई गतिशील बनाउन पुँजी निर्माणको क्षेत्रमा अहम् भूमिका निर्वाह गर्दै आएको कोषले लगानी विविधीकरणको माध्यमबाट राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाहरूमा समेत लगानी गर्दै कोषलाई आर्थिक विकासको केन्द्रमा स्थापित गराउने उद्देश्यका साथ कोष निरन्तर अगाडि बढिरहेको छ।

सामाजिक सुरक्षा संस्थाको रुपमा समेत परिपक्व हुँदै गइरहेको कोषले हालै मात्र सर्वसाधारण नागरिक समेत समावेश हुन मिल्ने गरी नागरिक पेन्सन योजना ल्याएको छ। यस कार्यक्रमले सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्नुका साथै राष्ट्रिय पुँजी निर्माणमा उल्लेख्य योगदान पुऱ्याउनुका साथै उक्त कार्यक्रमबाट संकलित पुँजी राष्ट्रिय गौरवका परियोजना, उत्पादनशिल क्षेत्र लगायत अन्य महत्वपुर्ण लगानीका क्षेत्रहरूमा परिचालन गरिने भएकोले देशमा रोजगारी सिर्जना गर्न भूमिका खेल्ने अपेक्षा गरिएको छ।

चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्ममा कोषको खुद कोष मौज्दात रु.१ खर्ब ६४ अर्ब ८८ करोड पुगेको छ भने सो अवधिसम्म कोषले रु.१ खर्ब ६३ अर्ब २१ करोड लगानी गर्न सफल भएको छ। यस अवधिमा कोषले रु.३२ करोड २५ लाख रुपैयाँ खुद नाफा कमाएको छ जुन गत वर्षको सोही अवधिको तुलनामा ८.५४ प्रतिशतले बढी हो।

**२. कोषको प्रविधि विकासको स्थिति के छ ? विद्युतीय प्रणालीद्वारा हुने भुक्तानीलाई कत्तिको प्राथमिकतामा राख्नुभएको छ ?**

वर्तमान अवस्थामा कोषले नयाँ सफ्टवेयर NLK Web Based Software को विकास कार्यलाई तिब्रताका साथ अगाडि बढाएको छ। निजामती वीमा कोष र शिक्षक वीमा कोष बाहेकका अन्य सबै कार्यक्रमहरूमा यस सफ्टवेयर कार्यान्वयनमा आइसकेको छ भने यस आर्थिक वर्ष भित्र कोषका सम्पूर्ण कार्यक्रममा यो सफ्टवेयर पूर्ण रुपमा लागू हुनेछ।

कोषले कर्मचारी बचत वृद्दि अवकाश कोष, उपदान कोष योजना र लगानीकर्ता हिसाब योजनाको भुक्तानी विद्युतीय माध्यमबाट गरिरहेको छ भने सहभागीहरूले आफ्नो जुनसुकै बैंकहरूबाट Connect IPS मार्फत विशेष सापटीको साँवा तथा ब्याज रकम जम्मा गर्न सक्ने व्यवस्था गरेको छ।

यस आर्थिक वर्षबाट कोषले शुरु गरेको कार्यक्रम **नागरिक पेन्सन योजना**मा सहभागी हुन चाहने व्यक्तिहरूले कोषमा उपस्थित नभइकन पनि अनलाइन रजिष्ट्रेशन गर्न मिल्ने व्यवस्था कोषले गरेको छ। यसका साथै यस कार्यक्रमका सहभागीहरूले Connect IPS लगायत Fonepay मार्फत बचत रकम जम्मा गर्न मिल्ने व्यवस्था कोषले मिलाएको छ।

**३. कोषको वित्तीय सेवामा अझै सबैको पहुँच पुग्न सकेको छैन। यसको लागि कस्तो रणनीति बनाउनु भएको छ ?**

कोषले हालसम्म केन्द्रीय कार्यालय, गण्डकी प्रदेशमा रहेको पोखरा शाखा कार्यालय र प्रदेश नं १ मा रहेको विराटनगर शाखा कार्यालयबाट आफ्नो सेवाहरू प्रवाह गर्दै आएका छन्। कोषद्वारा संचालित विभिन्न कार्यक्रमका सहभागीहरू देशका कुना कुनामा छरिएर रहेका छन्।

कोषले लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा शाखा कार्यालय खोल्नका लागि सम्भाव्यता अध्ययन सम्पन्न गरी घर भाडामा लिने प्रक्रिया अगाडि बढाइसकेको छ। कोषको केन्द्रीय कार्यालयले उपलब्ध गराएका सबै जसो सेवाहरू स्थानीय स्तरमा प्रदान गर्ने कोषको भावी रणनीति रहेको छ। सामाजिक सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम र वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्ने लगायत लक्षित वर्गसँग अन्तरक्रिया कार्यक्रमहरू आयोजना गर्ने कोषको योजना रहेको छ।

**४. कोषले भर्खरै ल्याएको नयाँ कार्यक्रम नागरिक पेन्सन योजना सर्वसाधारण नागरिकहरूको लागि कत्तिको प्रभावकारी छ ?**

कोषले स्वरोजगार एवं वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकहरूलाई लक्षित

गरी **नागरिक पेन्सन योजना** संचालनमा ल्याएको छ। "**उमेरमा कमाऔं, जमाऔं र बुढेशकालमा रमाऔं**" भन्ने नाराका साथ संचालित यस कार्यक्रममा सहभागीहरूले जम्मा गरेको रकमलाई कोषले परिचालन गरी निजहरूले जम्मा गरेको रकम र सो को प्रतिफलबाट उनीहरू ६० वर्ष पुरा भए पछि सामाजिक सुरक्षा सहितको पेन्सन उपलब्ध गराउने लक्ष्य राखिएको छ। सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्ने, त्यस्तो वचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराई बृहत रुपमा "नागरिक पेन्सन योजना" संचालन र व्यवस्थापन गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ।

यस कार्यक्रममा आय आर्जन गर्ने, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था एवंम प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन्। यस अघि कोषले संचालन गर्दै आएको अवकाश कोष कार्यक्रम कर्मचारी बचत वृद्धि योजना अन्तर्गत विभिन्न संगठीत संघ संस्थाका कर्मचारीहरू मात्र सहभागी हुन सक्ने प्रावधान रहेकोमा अब कोषले संचालन गर्न लागेको यस नयाँ कार्यक्रमले देशका कर्मचारी बाहेकका नागरिकलाई पनि समेट्ने भएकोले ठूलो संख्यामा सर्वसाधारणहरू यस कार्यक्रमबाट लाभान्वित हुने अपेक्षा कोषले गरेको छ।

### ५. वर्तमान अवस्थामा कोषको चूनौतिहरू के के छन् ?

विश्वव्यापी रुपमा फैलिएको महामारी कोभिड-१९ का कारण सम्पूर्ण आर्थिक गतिविधि नै न्यून भएको वर्तमान अवस्थाले कोषलाई पनि असर गरेको छ। लगानीका थप क्षेत्रहरू विस्तार हुन नसक्दा कोषको लगानीको महत्वपूर्ण हिस्सा बैंक तथा वित्तीय संस्थाको निक्षेपमा केन्द्रित रहन गएको छ। बजारको ब्याजदर अघिल्लो वर्षको तुलनामा न्युन रहन गएकाले कोषको भारित औसत प्रतिफल दरलाई सन्तुलनमा राख्न चुनौति रहेको छ। सहभागीहरूको बचत गर्ने क्षमतामा कमी आएको छ भने कोषले आफ्नो प्रतिस्पर्धात्मक क्षमता बढाउँदै कार्यक्षेत्रको विस्तारमा जोड दिनुपर्ने आवश्यकता देखिएको छ।

### ६. कोषको भावी योजना तथा कार्यक्रमहरूको बारेमा संक्षिप्तमा बताइदिनुहुन्छ कि ?

कोषले हालै मात्र नयाँ पञ्चवर्षीय योजना बनाएर अगाडि बढेको छ। हामी सबै नेपाली नागरिकहरूले सहज रुपमा कोषको सामाजिक सुरक्षाको योजनामा आबद्ध हुन तथा कोषका सहभागीहरूले सहज रुपमा सेवा प्राप्त गर्न सकुन् भन्ने चाहना अनुरुप अगाडि बढिरहेका छौं। हामी विद्युतीय प्रणालीमा गइसकेका छौं र प्रविधिलाई उच्च प्राथमिकतामा राखेर कार्य गरिरहेका छौं। कोषको सेवामैत्री भवन निर्माण सम्पन्न हुने अन्तिम चरणमा छ। यस आर्थिक वर्षको अन्तिमसम्ममा कोषले आफ्नो सम्पूर्ण सेवाहरू नयाँ भवनबाट प्रवाह गर्नेछ। यस आर्थिक वर्ष भित्र दुई प्रदेशमा शाखा कार्यालय विस्तार गर्न लागेको कोषले आगामी आर्थिक वर्षभित्र बाँकी दुई प्रदेशमा पनि आफ्नो प्रादेशिक शाखा कार्यालय स्थापना गर्ने योजनाका साथ हामी अगाडि बढिरहेका छौं।

कोषमा भएको पुँजीलाई जोखिम र प्रतिफल विश्लेषण गरी आयात प्रतिस्थापन गर्ने वा निर्यातमुखी उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्दै लैजाने लक्ष्य राखिएको छ। यसको अतिरिक्त राष्ट्रिय गौरवको भौतिक संरचना तथा आयोजनाहरूमा लगानी विविधीकरण गर्ने कोषको योजना रहेको छ। यसका साथै पुँजीबजार विकासका लागि बन्दमुखी सामुहिक कोष सञ्चालन गर्ने कोषको योजना रहेको छ। कर्मचारीको क्षमता तथा अनुभवको अध्ययन गरी सोही अनुसारको ग्राहकमैत्री सेवा प्रदान गर्नु नै हाम्रो लक्ष्य रहेको छ।

ooo

**नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं**

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९ प्रतिशत ब्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट्/ घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढिमा रु ८० लाखसम्म कर्जा दिन सकिने।
- कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनावस मृत्यु भएमा १ लाखसम्मको दुर्घटना बीमाको ब्यवस्था भएको।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर /जग्गा धितो राखेर सरल कर्जाको रुपमा सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि ३० लाख रुपैया सम्म वार्षिक ९.५ प्रतिशत ब्याजमा लिन पाइने।
- कोषका सहभागीहरुलाई रु. ४० लाखसम्मको शैक्षिक कर्जा र रु. ३० लाखसम्मको सवारी कर्जा प्रदान गरिने।
- वचत गरेको २ आ.ब पछि वचत रकमको ८० प्रतिशत सापटी लिन पाइने।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने।

**नागरिक लगानी कोष**
नयाँबानेश्वर, काठमाडौं, पोष्ट बक्स नं. ५८२३
फोनः ०१-४७८५३१९, ०१-४७८५३२५, फ्याक्सः ०१-४७८४९४५
ई-मेलः info@nlk.org.np वेभसाइटः www.nlk.org.np

# नागरिक लगानी कोष

## कोषको वितीय अवस्था (अपरिष्कृत)

२०७७ पौष मसान्तसम्म

रू हजारमा

| कोषको श्रोत (Sources of Fund) | | | कोषको उपयोग (Applications of Fund) | | |
|---|---|---|---|---|---|
| विवरण | २०७७।७८ पौष मसान्त | २०७६।७७ पौष मसान्त | विवरण | २०७७।७८ पौष मसान्त | २०७६।७७ पौष मसान्त |
| शेयर पुंजी | १,६४०,६९९ | १,३४४,८३५ | खुद स्थिर सम्पत्ति | १,२१५,७२७ | १,२४०,१३० |
| अग्रिम माग राशी | १३५,९२६ | १६५,५०० | पुंजीगत निर्माण (Capital WIP) | ६४६,६१४ | ३९१,५०० |
| | | | | | |
| ***खुद कोष मौज्दात*** | **१६४,८८८,६५०** | **१४०,२११,८००** | **लगानी** | **१६३,२१२,१२०** | **१३८,५५३,८००** |
| | | | | | |
| *क.ब.बृ. अबकास कोष* | १०९,९२६,६२३ | ९४,०४५,३०० | *नेपाल सरकारको ऋणपत्र* | १,०५०,००० | ६००,००० |
| *नागरिक एकांक योजना* | १,९२६,८९६ | ८२७,६०० | *मुद्धति निक्षेप* | १०१,६६८,९६३ | ८३,२६२,२०० |
| *उपदान कोष योजना* | २२,६०२,२०४ | २१,७३१,००० | *समयकालिन कर्जा* | १९,७२६,४८२ | १७,८५२,९०० |
| *लगानीकर्ता हिसाब* | ६,०५६,६१८ | ५,०१०,१०० | *संगठित संस्थाको शेयर/धितो पत्र* | १२,८३५,४५८ | ९,७३९,००० |
| *निजामती बीमा कोष* | ४,१०७,२४१ | ४,३११,८०० | *सहभागी सापटी तथा आवास कर्जा* | २७,९३१,२१७ | २७,०९९,७०० |
| *शिक्षक बीमा कोष* | ३,२८२,४०७ | ३,४१४,९०० | | | |
| *नार्क बीमा कोष* | ९१,३९६ | ७७,८०० | | | |
| *सैनिक वीमा कोष* | १,५४७,०५३ | १,५७२,२०० | | | |
| *सशस्त्र प्रहरी वीमा कोष* | १७९,०२२ | १७६,९०० | | | |
| *नेपाल प्रहरी वीमा कोष* | ४०२,७९३ | ३९९,४०० | | | |
| *रा.अनुसन्धान बीमा कोष* | २९,७५१ | ३९,९०० | | | |
| *नागरिक पेन्सन योजना* | ५,२४६ | - | | | |
| *वीमाकोष दायित्व* | १,६५५,७०० | १,५३६,७०० | | | |
| | | | | | |
| ***जगेडा कोष*** | **१३,०७५,७००** | **७,०६८,२००** | | | |
| *केन्द्रीय हिसाब* | २,६८५,००६ | २,०६५,२०६ | | | |
| *अन्य कोष र योजना* | १०,३९०,६९४ | ५,००२,९९४ | | | |
| | | | | | |
| | | | बैक मौज्दात | ७२३,४०० | ८२९,५०० |
| *चालु दायित्व तथा ब्यवस्था* | १०,०३९,९९५ | १५,२३२,००० | चालू सम्पती | १०,९०७,४१० | १५,९३९,१०० |
| | | | | | |
| जम्मा : | **१७६,७०५,२७०** | **१५६,९५४,०३०** | ***जम्मा :*** | **१७६,७०५,२७०** | **१५६,९५४,०३०** |

*माथि उल्लेखित विवरणका अंकहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्ने छ ।*

# नागरिक लगानी कोष

## केन्द्रीय हिसाब

२०७७ श्रावण १ देखि २०७७ पौष मसान्तसम्मको

## अपरिष्कृत आय/व्यय हिसाब

रू लाखमा

| बिबरण | २०७७/७८ पौष मसान्त | २०७६/७७ पौष मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | ७६,५०७ | ५२,५०० |
| सेवा शुल्क तथा कमिशन आम्दानी | ४८१,९९० | ४५०,००० |
| लाभांश आम्दानी | ९,१४४ | ७,५०० |
| बिबिध आम्दानी | २३५ | १,२०० |
| **कूल आम्दानी** | **५६७,८७६** | **५११,२००** |
| व्यवस्थापन खर्च | १०५,२४९ | ९७,९९५ |
| खर्च व्यवस्था | ३२,५०० | ३२,००० |
| **कूल खर्च** | **१३७,७४९** | **१२९,९९५** |
| कर अगाडीको खुद नाफा | ४३०,१२७ | ३८१,२०५ |
| आय कर ब्यवस्था | १०७,५३२ | ८४,००० |
| **खूद नाफा** | **३२२,५९५** | **२९७,२०५** |
| आय कर ब्यवस्था | १,८०९ | १,५२९ |
| **खुद नाफा** | **५,४२६** | **४,६२३** |

### Financial Ratios & Other Information:

| *Overall* | As of Poush 2077 | As of Poush 2076 |
|---|---|---|
| Return on Investment (ROI) | **8.04%** | **9.40%** |
| Fund to Investment ratio | **98.98%** | **98.82%** |
| Weighted average cost of fund | **6.94%** | **7.53%** |
| *Central Account* | | |
| Net Worth (Rs. in '000) | **4,409,864** | **3,293,105** |
| Net Worth (Value per share) | **248** | **245** |
| Earning Per Share (in Rs.) - Annualized | **36** | **38** |

## लगानीकर्ता हिसाव योजना

- कोषले संचालन गरेको यस लागनीकर्ता हिसाब योजनामा विभिन्न सरकारी, अर्ध सरकारी तथा गैह्‌ सरकारी संस्थाहरूका दीर्घकालीन दायित्वहरू जस्तै कर्मचारी कल्याण कोष, औषधी उपचार खर्च, बिमाकोष, संचित विदा, घर विदा, विरामी विदा,हितकारी कोष आदिका रकमहरू संकलन गरी लगानी व्यवस्थापन गरिरहेको छ।
- यस योजनामा खुद मौज्दात रकमको १ प्रतिशत वा आम्दानीको २० प्रतिशत मध्ये जुन कम हुन्छ त्यो रकम सेवा शुल्क लिई बाँकी प्रतिफलको रुपमा वितरण गरिन्छ।

# सामाजिक उत्तरदायित्वमा कोष



**ना.ल.कोष।** सामाजिक उत्तरदायित्व अन्तर्गत कोषले **नागरिक पेन्सन योजनामा** पहिलो चरणमा सहभागी भएका पर्वतको फलेवास नगरपालिकाका असंगठित क्षेत्रका बिपन्न प्रत्येक मजदुरलाई सामाजिक उत्तर दायित्व अन्तर्गत कोषको तर्फबाट १/१ सय रुपैयाँ सहभागीको खातामा थप गर्ने भएको छ। नागरिक लगानी कोष र फलेवास नगरपालिका वीच भएको सम्झौता कार्यक्रममा कोषका तर्फबाट कोषका कार्यकारी निर्देशक श्री रमण नेपाल र उप निर्देशक श्री नारायण घिमिरे उपस्थित हुनुहुन्थ्यो भने नगरपालिकाको तर्फबाट नगरपालिका प्रमुख, उप-प्रमुख तथा अन्य दलका प्रतिनिधिहरू उपस्थित हुनुहुन्थ्यो।

यसै गरी कोषले सामाजिक उत्तरदायित्व अन्तर्गत राजधानीको शान्तिनगरस्थित निःसहाय सेवा सदन ज्येष्ठ नागरिक आवासगृहलाई रु दुई लाख ५० हजार आर्थिक सहयोग गरेको छ। विभिन्न कारणले घरबार विहिन भएका वा घर परिवारबाट अपहेलित भएका ज्येष्ठ नागरिकहरूका संरक्षण दिई सेवा प्रदान गर्दै आएको यस आश्रममा हाल ३५ जना एउटै परिवारको रुपमा बस्दै आउनुभएको छ। कोषको ३१औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको एक समारोहका बीच कोषका निमित्त कार्यकारी निर्देशक डा. इन्द्रकुमार कट्टेलले निःसहाय सेवा सदनका उपाध्यक्ष करुण गोविन्द श्रेष्ठलाई उक्त रकमको चेक हस्तान्तरण गर्दै ज्येष्ठ नागरिकको आवास अधिकार पूरा गर्न केही हदसम्म भए पनि सहयोग गर्नु कोषको दायित्व भएको बताउनुभयो उक्त कार्यक्रममा कोषका निमित्त कार्यकारी निर्देशक डा. इन्द्रकुमार कट्टेल लगायत कोषका कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो।

# वार्षिकोत्सवको अवसरमा विभिन्न खेलकुद प्रतियोगिताहरू संचालन

**ना.ल.कोष।** कोषले सफलतापूर्वक ३० औं वर्ष पूरा गरी ३१औं वर्षमा प्रवेश गर्न लागेको सुखद उपलक्ष्यमा कोष कर्मचारीहरूले विभिन्न प्रतियोगिताहरू तथा कार्यक्रमको आयोजना गरी कोषको वार्षिकोत्सव भव्यताका साथ मनाएका छन्। कोष कर्मचारी युनियनको संयोजकत्वमा आयोजना भएको उक्त प्रतियोगिताहरूमा कोषका अधिकांश कर्मचारीहरू उत्साहका साथ सहभागी भएका थिए। कोषको वार्षिक उत्सवलाई भव्यताका साथ मनाउने कार्यक्रम अन्तर्गत संचालन गरिएका खेलकुदका कार्यक्रमहरूले कोषमा कार्यरत कर्मचारीहरूबीच आपसी सम्बन्ध एवं सहकार्यको भावना अभिवृद्धि हुने तथा यस्ता कार्यक्रमहरू निकै महत्वपूर्ण तथा रोचक हुने भएकोले यि कार्यक्रमहरू आयोजना गरिएको हो। प्रतियोगितामा हाजीरी जवाफ, ब्याटमिन्टन, फुटबल, म्युजिकल चेयर लगायतका खेलकुद प्रतियोगिताहरू समावेश गरिएका थिए। खेलहरू नयाँ बानेश्वर स्थित कोषको कार्यालय परिसरमा सञ्चालन गरिएको थियो। विभिन्न चरणका खेलमा कोषका महिला तथा पुरुष कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

## वार्षिकोत्सवको उपलक्ष्यमा प्रभात फेरी कार्यक्रम सम्पन्न

**ना.ल.कोष।** कोषले ३१ औं वर्षको उपलक्ष्यमा प्रवेश गर्न लागेको सुखद उपलक्ष्यमा यही चैत्र ३ गते मंगलबार विहान प्रभात फेरी कार्यक्रमको आयोजना गरेको छ। कोषका संचालक सदस्य लगायत कोषका कर्मचारीहरू सम्मिलित सो कार्यक्रम कोषको परिसरदेखि शुरु भई काठमाडौंको माइतिघर हुँदै पुनः कोष परिसरमा समापन भएको थियो।

# लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा कोषको शाखा खोल्ने तयारी

**ना.ल.कोष।** कोषले आफ्ना सहभागीहरूलाई प्रदान गर्ने सेवा सुविधालाई सहज र सुलभ बनाउने र स्थानीय स्तरमा नै कोषको सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले देशका सबै प्रदेशमा कोषको शाखा कार्यालय विस्तार गर्दै जाने लक्ष्य अनुरुप लुम्बिनी प्रदेशको रुपन्देही तथा सुदूरपश्चिम प्रदेशको कैलालीमा नयाँ शाखा कार्यालय सञ्चालन गर्ने तयारी गरिरहेको छ। यसका लागि कोषले नयाँ शाखा विस्तार गर्नका लागि विभिन्न स्थानमा पुगेर अनुगमन गरी सम्भाव्यता अध्ययन गरेको थियो भने हाल कोषले कैलाली जिल्लाको अत्तरिया र रुपन्देहीको बुटवलमा शाखा कार्यालय भवनका लागि टेण्डर आब्हान गरिसकेको छ।

शाखा विस्तार पछि उक्त प्रदेशहरूका कोषका सहभागीहरूले स्थानीय स्तरमै सहज तथा सुलभ तरीकाले कोषका अधिकांश सेवाहरू प्राप्त गरी लाभान्वित हुने अपेक्षा गरिएको छ। यस अघि कोषले गण्डकी प्रदेशको पोखरामा र प्रदेश नं १ को विराटनगरमा शाखा कार्यालय विस्तार गरेको थियो।




नागरिक लगानी कोषको अनुसन्धान तथा बजार विकास महाशाखाद्वारा प्रकाशित। प्रमुख सरक्षक : रमण नेपाल, संरक्षक : डा. इन्द्र कुमार कट्टेल, गोपाल घिमिरे, हेमन्त पोखरेल
सल्लाहकार : भरतराज श्रेष्ठ, सुमन पौडेल, सम्पादक : **श्री रीता पाठक**
डिजाइन : डिजाइन चौतारी, अनामनगर (९८४११९०७१८), मुद्रण : जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स, अनामनगर, फोन नं. ०१-५७०५५२९